# सालिक

## - नकुल सिलवाल

गरौं त गरौं
आत्महत्या नै गरौं ?
आनन्द हुन्छ तिमीलाई भने
किन बाँचिरहौं त व्यर्थ !
झट्ट समाचार सुन्दा
आश्चर्य लाग्ला !
त्यसपछि बिस्तारै ' ?
जसरी नयाँ कुलोमा
पानी प्रवाहित हुन्छ- प्रथमपटक ।

आफूलाई समाप्त गरेपछि मैले
तिमीसँग कति दौंतरीहरू
भोजमा सामेल हुनेछन् ?
मलाई राम्ररी चिन्ने र जान्नेहरू
अरू कति हर्षित हुनेछन् ?
होइन भने, चिउँडोसम्म
सङ्घर्ष र दुःखको दलदलमा
भास्सिएको छु
र छ छट्पटी,
कुनै न्याउली चरीले नगाएको पीडा
पत्र पत्र सुरह्मित छ ।
यति हुँदाहुँदै पनि
म बाँचिरहेछु
गाँसमा, निद्रामा, सपनामा
वा आत्मीय वार्तालापमा
जहाँकहीं म
रेट्टिएर, चेप्टिएर पनि
हाँसिरहेछु दिल खुलाएर
र यो तिमीलाई खपिनसक्नु हुन्छ
डाह, ईर्ष्या फैलिन्छ विषझैं भने
ल भैगो मरिनै दिउँला म,
आखिर मर्नु जति गाह्रो छ
त्यत्तिकै सजिलो पनि त छ ।

म मरेर पनि
पीडा र अशान्ति पचाएर
हाँसिनै रहें एकटंकार
र तिमीलाई त्यतिखेर पनि
सन्देह लाग्यो
मेरो मृत्यु भएकै छैन जस्तो लाग्यो
र मेरो इमानमा अनन्त अनुत्तरित प्रश्न
उठाइर्‍यौ भने'
त्यो भन्दा ठूलो अपराध
अरू हुने छैन- तिम्रो,
र म तिमीलाई झ्यामा दिने छैन
तिमीलाई लगातार सजायँ दिइरहन
म आत्महत्या गर्ने छैन
म मर्ने छैन
तर तिमीले भने आत्महत्या नै गरेर
मरेको हुनेछौ ।
दुर्गन्धित, दिकमिकलाग्दो हिलोमा
फुलेर पनि फूलले
गन्धको विरुद्धमा वास्ना फैलाएजस्तै
मचाहिं हाँसिरहने छु निर्धक्क
सासनाहरूको माझमा
सदैव ।